# साँफेबगर नगरपालिकाको शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि:२०८०

**प्रस्तावनाः साँफेबगर नगरपालिका** भित्र संचालित सामुदायिक विद्यालयहरुमा लामो समयदेखि आवद्ध रहनु भएका श्रद्धेय गुरुहरु प्रति उच्च सम्मान तथा उहाँहरुले शिक्षण पेशा मार्फत समाजमा पुर्‍याउनु भएको अनुकरणीय, अतुलनीय योगदानको उच्च कदर गर्दै शिक्षण पेशा प्रति प्रतिवद्ध भई प्रदान गर्नु भएको निस्वार्थ सेवाभावलाई जीवन पर्यन्त स्मरणीय बनाउने उद्देश्यले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै शिक्षा सेवामा नव प्रतिभालाई प्रोत्साहन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी साँफेबगर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" रहेको छ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाश स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यपालिका" भन्नाले साँफेबगर पालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

ख. "कार्यविधि" भन्नाले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्झनुपर्छ।

ग. "दरवन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राप्त दरबन्दी सम्झनुपर्छ।

घ. "नगरपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको साँफेबगर नगरपालिकालाई सम्झनुपर्छ।

ङ. "नगर प्रमुख" भन्नाले साँफेबगर नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्छ।

च. "उपप्रमुख" भन्नाले साँफेबगर नगरपालिकाका नगर उप-प्रमुखलाई सम्झनुपर्छ

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ज. "महासंघ" भन्नाले साँफेबगर नगरपालिकाका शिक्षक महासंघलाई सम्झनुपर्छ।

झ. "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी बहन गर्ने शिक्षकलाई सम्झनुपर्छ।

ञ. "शिक्षक" भन्नाले नेपाल सरकारको स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक सम्झनुपर्छ।

ट. "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई नगरपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ।

ठ. "समिति" भन्नाले शिक्षक स्वर्णिम अवकाश योजना सहजीकरण समिति सम्झनुपर्छ।

ड. "शिक्षा शाखा" भन्नाले नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

ढ. "आर्थिक प्रशासन शाखा" भन्नाले नगरपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ।

ण. “शिक्षा विकास तथा समन्वय इकाइ” भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ, अछामलाई सम्झनुपर्छ।
त. एकाघार भन्नाले श्रीमती, छोराछोरी, बुहारी वा एकाघारको व्यक्तीहो भनि वडाले तोकेको व्यक्तीलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## कार्यक्रमका उद्देश्यहरु

३. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रमका उद्देश्यहरूः यस कार्यक्रमका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्ः
क. २० वर्ष भन्दा बढि समयसम्म वा ५५ वर्ष उमेर पुरा भै निरन्तर शिक्षण पेशामा आवद्ध हुनुभएका शिक्षकहरुले शैक्षिक उन्नयनमा पुर्‍याउनु भएको योगदानको उच्च कदर गर्दै सम्मान गर्ने।
ख. शिक्षण पेशाप्रति प्रतिवद्ध भई सेवा पुर्‍याउनु भएका शिक्षकहरुलाई सामाजिक तथा मौद्रिक उत्प्रेरणा प्रदान गर्दै समाजमा सम्मानित नागरिकको रुपमा स्थापित गराउने।
ग.नवप्रतिभालाई शिक्षण पेशामा आकर्षित गरी गुणस्तरीय शैक्षिक विकासका लागि टेवा पुयाउने।

## परिच्छेद- ३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. साँफेबगर नगरपालिकाका शिक्षकहरुको शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयनकालागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछः-
क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्न आवश्यक सूचना प्रवाह गर्ने।
ख. यस कार्यक्रममा सहभागी हुन चाहने तोकिएको योग्यता पुगेका शिक्षकहरूले अनुसूचि १ को ढाँचामा तपसिलका कागजात सहित निवेदन माग गर्ने ।
१. नागरिकताको प्रतिलिपि,
२. स्थायी नियुक्तिपत्रको प्रतिलिपि,
३. बढुवा नियुक्तिपत्रको प्रतिलिपि,
४. अनिवार्य अवकासको मिति खुल्ने कागजातहरु,
५. सम्पूर्ण शैक्षिक योग्यताको कागजातका प्रतिलिपिहरु।
६. एकाघारको सदस्यबाट मन्जुरिनामा पत्र।
ग. सूचना प्रकाशन भएको मितिले २ हप्ताभित्र प्राप्त आवेदन उपर छानबिन गरी सहजीकरण समितिले तोकिएको योग्यता पुगेका शिक्षकहरूको विवरण प्रकाशित गर्ने।

## परिच्छेद- ४
## कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन

५. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रय कार्यान्वयन सहजीकरण समितिः- साँफेबगर नगरपालिकाका शिक्षकहरूको स्वर्णिम अवकाशका लागि स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण गर्न देहाय बमोजिमको एक शिक्षक स्वर्णिम अवकाश योजना सहजीकरण समिति तपशिल बमोजिम गठन गरिनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख. शिक्षा,युवा तथा खेलकुद शाखाको कर्मचारी - सदस्य

ग. नगरपालिका अध्यक्षले मनोनित गरेको नगर शिक्षा समितिको १ महिलासहित २ जना - सदस्य

घ. शिक्षक महासंघ प्रतिनिधि १ जना -सदस्य

ङ. आर्थिक प्रशासन शाखाको कर्मचारी १ जना -सदस्य

च. शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख - सदस्य सचिव

उक्त समितिको बैठकमा पालिका नगरप्रमुख,नगर उपप्रमुख र विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## परिच्छेद- ५
## सहजीकरण समितिको काम कर्तव्य र अधिकार तथा सेवा सुविधा

६. “शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण समिति”को काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा तपसिल बमोजिमको रहनेछ।

क. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्ने।

ख. यस कार्यक्रम कार्यान्वयनका निम्ति १५ दिनको समयावधि तोकि सूचना प्रकाशित गर्ने।

ग. कार्यक्रममा सहभागी हुन रित पूर्वक दर्ता भएका निवेदनहरू छानविन गरी आवश्यक कारवाही किनारा गर्ने।

घ. यस कार्यविधि बमोजिम सेवा सुविधा पाउन योग्य शिक्षकहरूको सेवा सुविधा किटान सहितको प्रतिवेदन कार्यपालिका समक्ष पेस गर्ने। कार्यपालिकामा शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयनका निम्ति तोकिए बमोजिमका अन्य कार्यहरू सम्पादन गर्ने।

च. सहजीकरण समिति तथा आमन्त्रित व्यक्तिहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन्।

छ. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ज. समितिले कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक परेमा उपसमिति निर्माण गर्न सक्नेछ।

## परिच्छेद- ६
## गुनासो सुनुवाई सम्बन्धि व्यवस्था

७. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन गर्दा कुनै गुनासो/उजुरी तोकिएको अवधिभित्र निवेदन दिन सकिने छ।तोकिएको अवधिभित्र पर्न आएका गुनासो/उजुरी आवश्यक छानविन गरी प्रचलित नियमानुसार काम कारवाही किनारा गरिने छ।

## परिच्छेद- ७
## सेवा सुविधा सम्बन्धी व्यवस्था

८. शिक्षक स्वर्णिम अवकाश योजना समावेश हुने शिक्षकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी आवेदकहरुबाट अन्तिम सूचिमा रहेका आवेदकहरुले यस कार्यक्रम मार्फत प्रोत्साहन स्वरुप अनुसूची-२ बमोजिमको सेवा सुविधा प्राप्त गर्ने छन्।

ख. अनुसूची-२ शैक्षिक सत्र २०८० को कार्यक्रममा मात्र लागू हुनेछ। अन्य आर्थिक वर्षको हकमा सहजीकरण समितिको निर्णयानुसार प्रोत्साहन रकम प्रदान गरिनेछ।

ग. यस कार्यक्रममा अनुसूचि- २ मा रहेको प्रोत्साहन रकममा नगर कार्यपालिकाले थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।यस कार्यक्रममा छनोट भएका सरोकारवालाहरूसँगको सहभागीतामा सम्मान तथा अभिनन्दन कार्यक्रम आयोजना गरिनेछ।

## परिच्छेद- ८
## विविध

क. शिक्षक स्वर्णिम अवकाश योजना कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुने छ।साथै यस कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म बदर हुनेछ।

ख. यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ छ।

ग.यो कार्यविधि नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची- १

निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
साँफेबगर नगरपालिकाको कार्यालय,
सुदुर पश्चिम प्रदेश नेपाल।

विषयः-शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी सम्बन्धमा।

उपरोक्त विषयमा साँफेबगर नगरपालिकाले मिति .............. मा प्रकाशित सूचना अनुसार शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्य भएकोले स्वेच्छिक रूपमा साँफेबगर नगरपालिकामा यो निवेदन पेश गर्दछु।

निवेदकको नामथरः

तहः

श्रेणीः

शिक्षक संकेत नंः

स्थायी ठेगानाः

जन्म मितिः

अनिवार्य अवकास हुने मितिः (नागरिकता वा शैक्षिक योग्यतामध्ये जुन मिति अघि आउँछ सोको पूरा मिति उल्लेख गर्ने)

कार्यरत विद्यालयको नाम/ठेगानाः

माथि उल्लेखित विवरण ठीक साँचो हो झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउला।

दस्तखतः
नामः
मोबाइल नः

एकाघरको व्यक्तीको दस्तखत:
नामः
नाता:

| बायाँ | दायाँ |
|---|---|
| | |

| बायाँ | दायाँ |
|---|---|
| | |

अनुसूची २

शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रममा छनोट भएका शिक्षकहरुलाई प्रदान गरिने प्रोत्साहन रकम सम्बन्धी विवरणः

| क्र.स. | मिति/अवधि | एकमुष्ट रकम | कैफियत |
|---|---|---|---|
| १ | २०८१ बैशाख देखि चैत्र मसान्तसम्म अनिवार्य अवकाश हुनेको हकमा। | **रु.१,००,०००।-(एकलाख रुपैया मात्र)** | एकपटक मात्र |
| २ | २०८२ बैशाख देखि चैत्र मसान्तसम्म अनिवार्य अवकाश हुनेको हकमा। | **रु.१,००,०००।-(एकलाख रुपैया मात्र)** मा प्रति महिना रू.६०००( छ हजार मात्र) का दरले थप गरि अनिवार्य अवकाश हुन बाँकी रहेको अवधिको हिसाब गरि हुन आउने रकम प्रदान गरिने। | |
| ३ | २०८३ बैशाख देखि चैत्र मसान्तसम्म अनिवार्य अवकाश हुनेको हकमा। | **रु.३,००,०००।-(तिन लाख रुपैया मात्र)** | तीन बर्ष भन्दा बढी अवधी भएका जुनसुकै शिक्षकको हकमा |

प्रमाणिकरण मिति २०८०/०२/३२